मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## जसपा नेपाल र लोसपा नेपालबीच एकीकरण सहमति

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीच एकीकरण हुने भएको छ । आइतबार काठमाडौँमा दुवै पार्टीका अध्यक्षद्वय उपेन्द्र यादव र महन्थ ठाकुरसहित पदाधिकारीको संयुक्त बैठकले पार्टी एकीकरण गर्ने निर्णय गरेको हो । दुवै अध्यक्षले संयुक्तरुपमा जारी गरेको हस्ताक्षरमा भनिएको छ, 'देशको वर्तमान राजनीतिक परिस्थितिको मूल्याङ्कन तथा विश्लेषण गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई संस्थागत गर्दै संघीयता, पहिचान, समानुपातिक समावेशिता, सामाजिक न्याय लगायतको अग्रगामी परिवर्तनका मुद्दालाई मजबुत गर्दै न्यायपूर्ण समाज निर्माण गर्ने आवश्यकतालाई आत्मसात गरी जसपा, नेपाल र लोसपा नेपाल पार्टी एकीकरण गर्ने निर्णय गरियो ।'

● वर्ष ४ ● अंक ४५ ● २०८२ साल पौष १४ गते सोमबार ● Monday 29, December 2025 ● सूर्योदय: बिहान ०६:५३ बजे ● सूर्यास्त: साँझ ५:२१ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

# मधेशमा जाडोले जनजीवन प्रभावित
# विद्यालयहरुमा बिदा थप

**मधेशदृष्टि**
**वीरगंज ।**
तराई–मधेश क्षेत्रमा बढ्दो शीतलहर र प्रतिकूल मौसमका कारण विभिन्न स्थानीय तहहरूले विद्यालय बिदाको अवधि थप गरेका छन् । जीतपुरसिमरा उपमहानगरपालिकाले पुस १३ र १४ गते विद्यालयमा बिदा दिने जनाएको छ । उता, बाराको कलैया उपमहानगरपालिकाले पनि बढ्दो चिसोलाई मध्यनजर गर्दै तीन दिनका लागि विद्यालयमा जाडो बिदा दिएको छ । शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख राजिव कुमार यादवका अनुसार सामुदायिक तथा निजी विद्यालयमा पुस १३ गते आइतबारदेखि १५ गते मंगलबारसम्म पठनपाठन पूर्ण रूपमा बन्द रहनेछ । चिसो र शीतलहरका कारण जनकपुरधाम उपमहानगरपालिकाले पनि सामुदायिक तथा संस्थागत विद्यालयहरूमा चार दिन जाडो बिदा दिएको छ ।




रौतहटको चन्द्रपुर नगरपालिकाले अत्यधिक चिसो, बाक्लो हुस्सु र कुहिरोका कारण विद्यालयमा जाडो बिदा दिने निर्णय गरेको छ । पुस १४ गतेदेखि पुस १८ गते शुक्रबारसम्म जम्मा चार दिन विद्यालय बन्द रहने जनाएको छ ।

- **स्थानीय तहद्वारा विद्यालय बन्द**

लगातारको चिसो हावा, शीतलहर, बाक्लो कुहिरो र हुस्सुले जनजीवन कष्टकर बन्दै गएपछि महोत्तरी जिल्लाका सबै स्थानीय तहले विद्यालय बन्द गर्ने निर्णय गरेका छन् । जिल्लाभरका १५ वटै स्थानीय तहले अत्यधिक जाडोका कारण बालबालिकाको स्वास्थ्यमा प्रत्यक्ष असर पर्न थालेको भन्दै अस्थायी रूपमा पठनपाठन स्थगित गरेका हुन् ।
स्थानीय तहहरूले जारी गरेको विज्ञप्तिमा हालको मौसम अवस्थाले विद्यालय जाने उमेरका बालबालिका, विशेषगरी साना कक्षामा अध्ययनरत विद्यार्थीहरू बढी प्रभावित भएको उल्लेख गरिएको छ । बिहान र साँझको समयमा चिसो हावा र बाक्लो कुहिरोका कारण विद्यालय आवतजावतमा समेत समस्या देखिन थालेपछि यस्तो निर्णय लिनुपरेको जनाइएको छ ।
सोही कारण हाललाई दुईदेखि तीन दिनसम्मका लागि विद्यालय बिदा दिइएको छ । स्थानीय तहका अनुसार यो बिदा बर्खे बिदाबाट कटौती हुने गरी व्यवस्थापन गरिनेछ, जसले शैक्षिक क्यालेन्डरमा ठूलो असर नपर्ने अपेक्षा गरिएको छ ।
पछिल्ला केही दिनयता तराई–मधेश क्षेत्रमा शीतलहरसँगै चिसो हावा चल्न थालेको छ भने बिहान र साँझ बाक्लो कुहिरो तथा हुस्सु लाग्ने क्रम बढ्दै गएको छ । यसले जनजीवन मात्र होइन, स्वास्थ्य र यातायात क्षेत्रमा पनि असर पारेको छ । विशेषगरी बालबालिका, वृद्धवृद्धा र दीर्घरोगीहरू अत्यधिक जाडोका कारण बढी जोखिममा परेका छन् ।
मौसमको अवस्था सामान्य नहुँदासम्म विद्यालय पुनः सञ्चालन गर्ने वा नगर्ने विषयमा आवश्यक निर्णय लिइने स्थानीय तहहरूले जनाएका छन् । साथै अभिभावकहरूलाई आफ्ना बालबालिकालाई न्यानो कपडा लगाउन, अनावश्यक रूपमा घरबाहिर ननिस्कन र स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गरिएको छ ।

- **मौसमी रोगका बिरामीको चाप बढ्दै**

रौतहटसहित मधेश प्रदेशका विभिन्न जिल्लामा विगत एक सातादेखि हुस्सु र शीतलहर बढ्दै जाँदा जाडो तीव्र बनेको छ । जाडो बढेसँगै त्यसको प्रत्यक्ष असर सर्वसाधारणको स्वास्थ्यमा देखिन थालेकोमा स्वास्थ्यकर्मीहरूले चिन्ता व्यक्त गरेका छन् । जाडोका कारण उत्पन्न हुने विभिन्न मौसमी रोगका बिरामीको संख्या अहिले सरकारी तथा निजी स्वास्थ्य संस्थामा दिनदिनै बढ्दै गएको स्वास्थ्यकर्मीहरूले जानकारी दिएका छन् ।
स्वास्थ्य संस्थाहरूका अनुसार पछिल्ला दिनमा रुघाखोकी, ज्वरो, फ्लु, दम, निमोनिया, नाक–कान–घाँटीसम्बन्धी समस्या, श्वासप्रश्वाससम्बन्धी रोग तथा उच्च रक्तचापका बिरामीहरू उल्लेख्य रूपमा बढेका छन् । विशेषगरी बालबालिका, वृद्ध–वृद्धा र दीर्घरोगीहरू जाडोका कारण बढी प्रभावित भएको देखिएको सिम्स अस्पतालका प्रमुख डाक्टर रामकिशोर साहले जानकारी दिए ।
डाक्टर साहले जाडो बढे सँगै अस्पतालमा आउने बिरामीको चाप बढ्दै गएको बताए । उनका अनुसार अहिले दैनिक रूपमा जाडोसँग सम्बन्धित रोगका बिरामीहरू बढी आउने गरेका छन् । 'विशेषगरी श्वासप्रश्वाससम्बन्धी समस्या लिएर आउने बिरामीको संख्या उल्लेख्य रूपमा बढेको छ,' उनले बताए ।
चिसो मौसम, हुस्सु तथा धुलो–धुवाका कारण मानिसको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको डाक्टर साहले जानकारी दिए । जाडोबाट जोगिन सर्वसाधारणले विशेष सावधानी अपनाउनुपर्ने उनको सुझाव छ । धुलो र धुवाबाट जोगिनु, तातो र झोलिलो खाना खानु, न्यानो कपडा लगाउनु तथा अत्यधिक चिसोमा अनावश्यक रूपमा बाहिर हिँडडुल नगर्नु राम्रो हुने उनले बताए ।
जाडो बढेसँगै गाउँ–टोलमै रुघाखोकी, ज्वरो र दमका बिरामी बढ्दै गएको स्थानीय बासिन्दाहरू बताएका बताएका छन् ।

- **वडाध्यक्षद्वारा राहत वितरण**

वीरगंजमा पछिल्लो केही दिनदेखि बढेको कठ्याङ्ग्रिँदो चिसो र शीतलहरका कारण जनजीवन कष्टकर बनेको छ । चिसोले स्थानीयवासीलाई पारेको समस्यालाई ध्यानमा राख्दै वीरगंज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्ष सुशील कुमार कानुले वडावासीका लागि राहत दिने पहल शुरु गरेका छन् । वडाध्यक्ष कानुको नेतृत्वमा वडाका दुई दर्जनभन्दा बढी स्थानमा दाउरा बालेर आगो ताप्ने व्यवस्था मिलाइएको छ । आइतबारदेखि शुरु गरिएको यो व्यवस्था शीतलहर अन्त्य नभएसम्म निरन्तर रहने वडाध्यक्ष कानुले जानकारी दिए । विशेष गरी बाहिर बसेर काम गर्नुपर्ने मजदुर, रिक्सा चालक, सुरक्षाकर्मी तथा सर्वसाधारणलाई लक्षित गरी आगो ताप्ने सुविधा उपलब्ध गराइएको उनले बताए । विभिन्न सार्वजनिक स्थानमा आगो ताप्ने व्यवस्था गरिएको छ ।

# सशस्त्रका आइजीपीद्वारा मितेरी पुल क्षेत्र निरीक्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक आईजीपी राजु अर्यालले वीरगंज–रक्सौल अन्तर्राष्ट्रिय मितेरी पुल क्षेत्र वरिपरि सञ्चालन भइरहेको सौन्दर्यकरण कार्यको स्थलगत निरीक्षण गरेका छन् । निरीक्षणक्रममा महानिरीक्षक अर्यालले नेपाल–भारत सीमा क्षेत्र संवेदनशील भएकाले यहाँ सुरक्षा, सरसफाइ तथा व्यवस्थित पूर्वाधार विकासलाई अझ प्रभावकारी बनाउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिएका छन् । उनले सीमा क्षेत्रमा वातावरणीय सौन्दर्य, स्वच्छता र सुरक्षा व्यवस्थापनलाई सुदृढ बनाउनुपर्ने आवश्यकता औँल्याए ।
महानिरीक्षक अर्यालले हरियाली प्रवद्र्धन, सार्वजनिक स्थानको संरक्षण तथा दीर्घकालीन व्यवस्थापनका लागि सरोकारवाला निकायबीच समन्वय र सहकार्य अपरिहार्य रहेकामा जोड दिए ।
वीरगंज महानगरपालिका, ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर तथा सशस्त्र प्रहरी बल १३ नम्बर गण, वीरगंजको संयुक्त आयोजनामा सौन्दर्यकरण अभियान सञ्चालन भइरहेको छ । कार्यक्रममा सहभागीहरूले सीमा क्षेत्रको सौन्दर्यकरणले सुरक्षा, पर्यावरण संरक्षण र नागरिक सचेतनामा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

# विश्वासको मत लिए पनि विस्तार भएन मधेश सरकार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश सरकारका मुख्यमन्त्री कृष्ण यादवले विश्वासको मत लिएको एक साता बिति सकेको छ । तर अझैसम्म मन्त्रिमण्डलले पूर्णता पाउन सकेको छैन । पुस ४ गते विश्वासको मत प्राप्त गरेपछि सरकार पूर्ण रूपमा क्रियाशील हुने अपेक्षा गरिए पनि मन्त्री नियुक्ति ढिलाइ हुँदा प्रदेश सरकार अझै अपूर्ण अवस्थामा रहेको छ ।
सत्ता साझेदार दलहरूबीच मन्त्रालय बाँडफाँडको सहमति भइसकेको भए पनि मन्त्रीहरूको नाम टुंगिन नसक्दा मन्त्रिमण्डल विस्तार रोकिएको हो । सहमतिअनुसार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले शिक्षा तथा संस्कृति मन्त्रालय, जनमत पार्टीले अर्थ मन्त्रालय, नेपाली कांग्रेसले स्वास्थ्य मन्त्रालय, नेकपा (माओवादी केन्द्र) ले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय तथा नेकपा (एकीकृत समाजवादी) ले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय पाउने भएका छन् । जनता समाजवादी पार्टी (जसपा) ले भने सभामुख पद लिएको छ ।
मन्त्रालयको भागबन्डा टुंगिएको भए पनि मन्त्रिपरिषद् गठन अझै हुन नसक्दा सरकार सञ्चालनमा ढिलासुस्ती देखिएको छ । यस विषयमा नेपाली कांग्रेसका प्रमुख सचेतक कुमारकान्त झाले सरकारलाई पूर्णता दिन अझै केही दिन लाग्ने बताएका छन् । दलहरूभित्र आन्तरिक छलफल, आवश्यक प्रक्रिया र नाम सिफारिसको काम बाँकी रहेकाले ढिलाइ भएको उनको भनाइ छ ।
यसैबीच प्रतिपक्ष दल नेकपा एमालेले सरकारको कार्यशैलीप्रति आलोचना गरेको छ । एमाले संसदीय दलका नेता तथा पूर्व मुख्यमन्त्री सरोज यादवले ढिलाइ नगरी तत्काल मन्त्रिमण्डल विस्तार गर्न सरकारलाई आग्रह गरेका छन् । मन्त्रिमण्डल अपूर्ण रहँदा प्रदेश सरकार कमजोर देखिएको र यसले जनतामा नकारात्मक सन्देश जाने उनले टिप्पणी गरे ।
'सरकारले अब कुनै बहाना गर्नु हुँदैन । तुरुन्त मन्त्रिमण्डललाई पूर्णता दिएर काममा अघि बढ्नुपर्छ,' यादवले भने, 'मन्त्रिमण्डल नबन्नु सरकारकै कमजोरी हो ।'
उता नेकपा (माओवादी केन्द्र) का नेता युवराज भट्टराईले मन्त्रालय बाँडफाँडको विषय टुंगिसकेको र मुख्यमन्त्री काठमाडौँबाट फर्किएलगत्तै सरकार विस्तार हुने दाबी गरेका छन् । स्रोतका अनुसार मुख्यमन्त्री यादव हाल आसन्न निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रियामा व्यस्त रहेकाले मन्त्रिमण्डल विस्तारमा ढिलाइ भइरहेको बताइएको छ ।
मन्त्रिमण्डल गठनमा भइरहेको ढिलाइले प्रशासनिक कामकाज, बजेट कार्यान्वयन तथा नीतिगत निर्णय प्रभावित हुन सक्ने भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गर्न थालेका छन् । विश्वासको मतपछि पनि सरकार पूर्ण रूपमा सक्रिय हुन नसक्दा मधेश प्रदेशमा राजनीतिक अस्थिरताको सन्देश गएको उनीहरूको बुझाइ छ ।

# वैज्ञानिक अभावले थलिँदै कृषि अनुसन्धान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत रहेको कृषि अनुसन्धान निर्देशनालय, परवानीपुर गम्भीर जनशक्ति संकटमा परेको छ । आवश्यक वैज्ञानिक र प्राविधिक कर्मचारी नहुँदा पशु तथा बालीसम्बन्धी अनुसन्धान, नयाँ जात विकास र प्रविधि परीक्षणजस्ता महत्वपूर्ण कार्य प्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।
निर्देशनालयमा १७ जना वैज्ञानिकको दरबन्दी रहे पनि हाल जम्मा ३ जना मात्र कार्यरत छन् । माटो विज्ञान, बागवानी, माछापालन, पशु चिकित्सा, कीट तथा बाली रोगसम्बन्धी विशेषज्ञको अभावले अनुसन्धान गतिविधि प्रभावहीन बन्दै गएको छ । अन्नबाली र बागवानी क्षेत्रमा नयाँ जातको अनुसन्धान तथा उत्पादनमा समेत समस्या देखिएको निर्देशनालयका प्रशासकीय प्रमुख हरिहर न्यौपानेले बताए । उनका अनुसार निर्देशनालयअन्तर्गत रहेका बाहिरी अनुसन्धान केन्द्र तथा कार्यालयहरूले पनि विभिन्न परीक्षण र अनुसन्धानका लागि परवानीपुरमै निर्भर रहनुपर्ने अवस्था छ । तर, केन्द्र स्वयं नै जनशक्ति अभावमा जुधिरहेकाले ती काम प्रभावकारी रूपमा अघि बढ्न सकेका छैनन् ।
'माटो विज्ञ तथा कीट र बाली रोग विशेषज्ञ अध्ययन बिदामा हुनुहुन्छ । पशु चिकित्सक र नयाँ जात विकास गर्ने वैज्ञानिक नहुँदा अनुसन्धान निकै प्रभावित भएको छ,' न्यौपानेले भने ।
मधेश प्रदेशका आठै जिल्लामा अनुसन्धान, बीजवृद्धि, स्थलगत परीक्षण, बाह्य अनुसन्धान र नयाँ प्रजाति विकासजस्ता काम गर्दै आएको निर्देशनालय आफैं कर्मचारी अभावमा अल्झिएको छ । ७६ जनाको दरबन्दी रहे पनि हाल २२ जनाबाट मात्रै काम चलाउनुपर्ने बाध्यता रहेको गुनासो उनको छ ।
तथ्यांकअनुसार अधिकृत तहका १८ प्राविधिकमध्ये ३ जना मात्र कार्यरत छन् । सुब्बा तहका ७ मध्ये २ जना, खरिदार तहका ९ मध्ये १ जना मात्रै उपलब्ध छन् । प्राविधिक सहयोगीको १७ जनाको दरबन्दीमध्ये १० जना मात्र कार्यरत हुँदा कार्यालयको नियमित प्रशासनिक कामदेखि अनुसन्धानसम्ममा प्रत्यक्ष असर परेको छ ।
तराई–मधेशलाई देशको 'अन्नको भण्डार' का रूपमा लिइने गरिए पनि यही क्षेत्रमा कृषि अनुसन्धानका लागि आवश्यक विज्ञ नहुनु गम्भीर विषय भएको निर्देशनालयका निर्देशक डा. विश्वेश्वर यादव बताउँछन् । उनका अनुसार वैज्ञानिक अभावकै बीच पनि निर्देशनालयले सीमित स्रोतसाधनबाट अपेक्षाभन्दा राम्रो काम गरिरहेको छ ।
'अहिले माटो विज्ञ, भेटनरी, बागवानी र माछासम्बन्धी वैज्ञानिक छैनन् । अधिकृतस्तरका प्राविधिकले जेनतेन व्यवस्थापन गरिरहेका छन्,' निर्देशक यादवले भने, 'अन्य प्रदेशको तुलनामा कम जनशक्तिबाट पनि हामीले राम्रो नतिजा दिएका छौँ । यदि दरबन्दीअनुसार वैज्ञानिक भए अझ धेरै उपलब्धि हासिल गर्न सकिन्थ्यो ।'
निर्देशनालयको स्वामित्वमा रहेको ९० बिघा जग्गामध्ये ३० बिघामा धान, मकै र गहुँको बीउ उत्पादन हुँदै आएको छ । बाँकी जग्गामा तेलहन, तरकारी र फलफूल खेतीसँगै राष्ट्रिय भैंसी अनुसन्धान कार्यक्रमअन्तर्गत मुर्रा जातको भैंसी तथा बोयर जातको बाख्रा पालन भइरहेको छ । 'हामीले कुनै पनि जग्गा बाँझो राखेका छैनौँ, सबैको पूर्ण सदुपयोग गरेका छौँ,' निर्देशक यादवले स्पष्ट पारे ।
माछा उत्पादनतर्फ पनि निर्देशनालयको माग अत्यधिक रहेको छ । 'हामीले उत्पादन गर्ने माछाका भुराहरू किसानको माग धान्नै नसक्ने अवस्थामा छन्,' उनले बताए । निर्देशनालयले उत्पादन गरेको धान, मकै र गहुँको बीउ कृषि सहकारीमार्फत किसानसम्म पु¥याइँदै आएको छ, जसले स्थानीय कृषकलाई प्रत्यक्ष लाभ दिएको छ ।
यद्यपि, जनशक्ति अभाव दीर्घकालीन समस्या बन्दै गएको निर्देशक यादवको भनाइ छ । कर्मचारी आवश्यकता सम्बन्धी अध्ययन भइरहेको र फागुन २१ गतेको निर्वाचनअघि नै द्रुत प्रक्रियाबाट कर्मचारी पदपूर्ति गर्ने तयारी मन्त्रालयस्तरबाट भइरहेको जानकारी आएको उनले बताए ।
यसले केही आशा जगाए पनि समयमै पदपूर्ति नभए मधेशको कृषि अनुसन्धान थप कमजोर हुने सरोकारवालाको चिन्ता छ । वैज्ञानिक र प्राविधिक जनशक्ति बिना किसानका आवश्यकता, जलवायु परिवर्तनका चुनौती र आधुनिक कृषिको माग पूरा गर्न कठिन हुने देखिन्छ । समयमै दरबन्दी पूर्ति र विज्ञ व्यवस्थापन नगरे मधेश प्रदेशको कृषि नवप्रवर्तन र उत्पादन क्षमतामा दीर्घकालीन असर पर्ने विज्ञहरूले चेतावनी दिएका छन् ।

सम्पादकीय

# पात्रो प्रकाशनमा नयाँ निर्णयको खोजी

नेपालबाट प्रकाशित हुने पात्रो (पञ्चाङ्ग) कुन सिद्धान्तका आधारमा गर्ने भनी नेपालका विद्वानहरूले मात्र निर्णय गर्न विषय सतहमा आएको छ। विद्वानहरु यो निष्कर्षमा पुगेका छन् कि उनीहरुको जोडबलमा मात्र पञ्चांग प्रकाशन वैज्ञानिक हुन सक्दैन। विश्व ज्योतिष महासङ्घको राष्ट्रिय समिति नेपाल, नेपाल ज्योतिष परिषद्, दक्षिण एसियाली ज्योतिष महासङ्घ र राष्ट्रिय महिला ज्योतिष सङ्घको संयुक्त आयोजनामा काठमाडौँमा भएको राष्ट्रिय ज्योतिष सम्मेलनमा यो विषय उठान भएको हो। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले चाडपर्व र संस्कृति अन्य देशसँग पनि एकापसमा सम्बन्धित रहेकाले निर्णय पनि संयुक्त रूपमा गरिनुपर्ने विषय उठान गरे। यसका लागि अन्य देशका ज्योतिषविद् पनि बोलाएर सम्मेलन गरेर निर्णयमा पुग्नुपर्ने आवश्यतामा थि अरुले पनि सुझाए।

नेपाल, भारतलगायत देशका ज्योतिषीको सम्मेलनले संयुक्त रूपमा निर्णय नगरिए भारतका भक्तजन अघिल्लो दिन महाशिवरात्रि भनेर पशुपतिनाथमा आउने र नेपालले अर्कै दिनमा मनाउने अवस्था आउन सक्ने विषय उठान भएको थियो। यस्ता गम्भीर विषयमा ज्योतिषीहरूको ध्यानाकर्षण गराइएको थियो। यस्तो अवस्था जनकपुरमा मनाइने विवाह पञ्चमीमा पनि हुनसक्ने बताइएको थियो। समितिका कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थीले २०८३ सालको पात्रो २०८२ सालकै जस्तोगरी प्रकाशन गरिने र २०८४ सालमा पात्रो प्रकाशन गर्नुअघि विस्तृत छलफल गरेर गरिने बताएका थिए। कार्यक्रममा विश्व ज्योतिष महासङ्घका केन्द्रीय अध्यक्ष लोकराज पौडेलले २०८४ सालको पात्रो आकाशमा जुन अवस्थामा ग्रह छन्, त्यही स्वरुप पात्रोमा झल्कने गरी प्रकाशन गरिनुपर्ने माग गरेका थिए। कार्यक्रममा समितिका पूर्वअध्यक्ष प्रा श्रीकृष्ण अधिकारी, पूर्वकार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेल, महासङ्घ नेपाल समितिका अध्यक्ष देवराज गौतमलगायत ज्योतिषीले पात्रो सुधार गरिनुपर्ने, नेपालको ज्योतिष एवम् धर्मशास्त्रको क्षेत्रमा पनि सुधार गरिनुपर्नेमा जोड दिएका थिए। यो विषय खासगरी नेपाल र भारतको मिल्दाजुल्दा पर्वहरुमा केन्द्रित थियो। एकदिन अगाडि र पछाडि दुवै देशमा एउटै संस्कृतिका पर्वमा मनाउँदा अमिल्दो भएको बुझाइ सबैको थियो। २०८४ को पात्रोमा यो विषय सम्बोधन हुने विषयमा विद्वान र ज्योतिषहरु सहमत भएका छन्।

# १० हजार कैदीबन्दी फर्किए बाँकी साढे चार हजार बाहिरै



पवनराज पौडेल

सरकारले हालैको जेन जी आन्दोलनका क्रममा हुलदङ्गगा गरी फरार भएका कैदी बन्दीमाथि पाँच वर्षसम्मको अतिरिक्त कैद सजाय हुन सक्ने गरी प्रक्रिया अघि बढाएको र यो निर्णयसँगै अझै फरार रहेकामध्ये कतिपय आफैँ फर्किन सक्ने ठानिएको कारागार व्यवस्थापन विभागका अधिकारीहरूले बताएका छन्।

गृह मन्त्रालयले हालै कारागारमा तोडफोड, आगजनी, हुलदङ्गा तथा ध्वंसात्मक कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न भई फरार भएका, कारागारमा आफैँ फर्केका वा सुरक्षाकर्मीबाट पक्राउ गरी कारागारमा बुझाइएका कैदी बन्दीहरूका सम्बन्धमा कारागार ऐन, २०७९ बमोजिम कारबाही प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो।

तथापि त्यसमा घटनाका क्रममा असुरक्षा महसुस गरी कारागारबाहिर गएकाहरूमाथि नरम हुने सङ्केत गरिएको छ।

'यो नयाँ व्यवस्था होइन, भएकै व्यवस्थालाई अघि बढाउन खोजेका हौँ,' कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेले बीबीसीसँग भने।

'गृह मन्त्रालयको निर्णयबमोजिम हामीले जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयसहितका सम्बन्धित निकायहरूलाई पत्राचार गरेका छौँ।'

**कानूनी व्यवस्था**

कारागार ऐन, २०७९ को दफा ४९ मा "कारागारबाट भागेमा वा भाग्ने उद्योग गरेमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय" हुने व्यवस्था छ।

'ऐनका अनुसार यस्ता मुद्दा सरकारवादी हुन्छ। घटनाका बारेमा कारागारको कुनै कर्मचारीले प्रतिवेदन दिन्छ र प्रहरीले त्यसबारे अनुसन्धान गर्छ। त्यसपछि सरकारी वकिलको कार्यालयमार्फत मुद्दा अघि बढ्ने हो,' न्यौपानेले भने।

विभागले जनाएअनुसार असुरक्षा महसुस गरी कारागारबाहिर गएका तर पछि कारागारमा आफैँ उपस्थित भएका कैदीबन्दीका हकमा भने कारागार बाहिरको बसाई अवधिलाई ठेकिएको कैदमा थप गरी कुल कैद अवधि गणना गरिने छ।

आन्दोलनका क्रममा हराएका हतियार र फरार कैदीहरूलाई चुनावका सन्दर्भमा धेरैले गम्भीर सुरक्षा चुनौतीका रूपमा अथ्र्याउने गरेका छन्।

'चुनाव भएको अवस्थामा मात्र होइन, नभएको अवस्थामा पनि ती दुवै समाजका लागि ठूलो सुरक्षा चुनौती हुन्,' भूतपूर्व रक्षासचिव वामनप्रसाद न्यौपाने भन्छन्।

'चुनावअघि नै सरकारले आवश्यक 'अपरेसन'मार्फत ती कैदीबन्दी र हतियार कहाँ छन् भन्ने कुरा पत्ता लगाएर त्यसको विवरण सार्वजनिक गर्नुपर्छ भन्ने मेरो धारणा छ।'

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले फरार कैदीबन्दी र लुटिएका हतियार फिर्ता ल्याउन कारबाही जारी रहेको र सँगसँगै फिर्ता हुने क्रम पनि चलिरहेको बताए।

'यस विषयमा सरकार संवेदनशील छ र यो सरकारको प्राथमिकतामा छ। सुरक्षा निकाय र समग्र गृह प्रशासन यसैमा केन्द्रित भएकाले यसलाई ठूलो चिन्ताको विषयका रूपमा लिनु नपर्ला,' उनले भने। 'हामी अहिले पनि 'अपरेसन'कै क्रममा छौँ।'

कति फर्किए, कति बाँकी

भदौ २३ र २४ गते भएका आन्दोलनका क्रममा देशभरका २८ जिल्लाका कारागारमा तोडफोड र आगजनीका घटनाहरू भएका थिए। कारागार व्यवस्थापन विभागका निर्देशक न्यौपानेका अनुसार ती घटनाका क्रममा कुल १४ हजार ५ सय ५९ जना कैदी फरार भएका थिए।

'पौष ११ गतेसम्मको तथ्याङ्कअनुसार ९,९६५ जना फर्किसकेका छन्,' उनले भने।

फरार कैदीहरूमध्ये अब ४ हजार ५ सय ७५ जना फर्किन बाँकी छ। तीमध्ये ३ हजार ६ सय ९८ जना नेपाली, ५१६ जना भारतीय र ८९ जना अन्य विदेशी नागरिक रहेका छन्। त्यस्तै २ सय ६ जना बालसुधारतर्फका छन्।

'फर्किन बाँकीमध्ये धेरैजसो जबरजस्ती करणी, लागुऔषध र कर्तव्य ज्यान मुद्दाका छन्," निर्देशक न्यौपानेले भने।

भदौ २४ गते भएको हुलदङ्गाका क्रममा बालसुधारतर्फका ६ सहित सुरक्षाकर्मीले चलाएको गोली लागेर १९ जना मारिएका थिए।

चुनावमा चुनौती

पूर्वसचिव न्यौपानेका अनुसार यसरी फरार भएका कैदीहरू 'समाजमा पुनः केही आपराधिक घटनामा संलग्न भएको तथ्य सार्वजनिक भइसकेकाले' सरकारले यस विषयलाई गम्भीरतापूर्वक लिन आवश्यक छ।

'अहिले पनि फरार अवस्थामा रहेका व्यक्तिहरूको सङ्ख्या ठूलो छ। त्यसकारण उनीहरूलाई कसैले प्रयोग गर्दैन भन्ने अवस्था छैन,' उनले भने, 'उनीहरू प्रयोग हुनसक्ने जोखिम कायम छ।'

सरकारले चरणबद्ध तरिकाले भए पनि त्यससम्बन्धी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने न्यौपाने बताउँछन्।

'चुनावमा भाग लिनेहरूलाई त यी मानिसहरू यसरी रहेछन् भन्ने थाहा हुनुप¥यो नि। जनसाधारणले पनि थाहा पाउनु प¥यो,' उनले भने।

तर गृहप्रवक्ता काफ्ले भने चुनावमा प्रभाव परिहाल्ने स्थिति नरहेको दाबी गर्छन्।

'धेरै हतियारहरू फिर्ता ल्याइसकेका छौँ। बाँकी चाँडोभन्दा चाँडो 'रिकभर' गर्ने क्रममा छौँ। त्यसतर्फ सुरक्षा निकायहरूले संवेदनशील भएर कार्यसम्पादन गरिरहेका छन्।'

यद्यपि उनले हराएका हतियारको संख्यात्मक स्थिति भने खुलाउन चाहेनन्। जेन जी आन्दोलनका क्रममा प्रहरीका एक हजारभन्दा धेरै हतियारहरू हराएका विवरणहरू आएका थिए।

**कैदीबन्दी फर्काउन अपनाइएका उपाय**

गृहप्रवक्ता काफ्ले फरार कैदीबन्दीलाई फर्काउन 'विशेष कारबाही जारी रहेको' बताउँछन्।

'अहिले पछिल्लो चरणमा हामीले प्रदेश सुरक्षा गोष्ठीहरू गरिराखेका छौँ। चारवटा प्रदेशमा सम्पन्न भयो। त्यसमा पनि हाम्रो पहिलो प्राथमिकता यही फरार कैदी बन्दीहरूकै विषय छ। जिल्लाहरूमा पनि त्यही भनिराखेका छौँ र फिर्ता हुने क्रम पनि जारी छ,' उनले भने।

'जिल्ला प्रशासन कार्यालयहरूले पनि जिल्ला सुरक्षा समितिको निर्णयअनुसार काम गरिरहेका छन् र त्यसमार्फत पनि फिर्ता भइरहेका छन्।'

कारागार व्यवस्थापन विभागका न्यौपानेका अनुसार अतिरिक्त पाँच वर्षको सजायको प्रक्रियाले बन्दीहरूलाई आफैँ पुनः कारागार फर्किने सम्भावना बढाएको छ।

'कतिपय कैदी खुला सिमानाको फाइदा लिएर बाहिर गएका हुन सक्छन् तर राज्यले पछि पनि खोज्ने रहेछ भन्ने थाहा पाएपछि उनीहरू फर्कने सम्भावना बढ्छ। त्यसले गर्दा नआउनेलाई थप मुद्दा चल्ने गरी परिपत्र भएपछि उनीहरू आफैँ आउने सम्भावना प्रबल हुने भयो।'

सरकारले कैदी बन्दीहरूलाई आफैँ कारागार फर्किन बारम्बार सूचना जारी गर्दै आएको छ। त्यसबाहेक उनीहरूको नाम ठेगानासहितका विवरण सार्वजनिक गर्ने समेतका उपायहरू अपनाइएका छन्।

'कतिपयको सामान्य कैद भुक्तानी भएकाले आफैँ फर्किए भने कतिपय सही सुझाव पाएर पनि फर्किए होलान्,' निर्देशक न्यौपानेले भने, 'हामीले फरार कैदी बन्दीहरूको नामावली पनि सार्वजनिक ग¥यौँ। अध्यागमन, प्रहरी तथा मालपोत र जिल्ला प्रशासन कार्यालयजस्ता सेवा प्रदायक निकायहरूमा ती विवरणहरू दियौँ। त्यस्तै पालिकाहरूलाई पनि दियौँ र वेबसाइटहरूमा पनि निकाल्यौँ, कतिपय त्यसबाट पनि फर्किए।'

'फरार कैदीबन्दी पक्राउको विषयलाई प्रहरीको कार्यसम्पादनमा पनि समेट्ने निर्णय भयो, त्यसले पनि खोजबिनलाई तीव्र बनायो। कतिपय सूचना समुदायबाट पनि पायौँ। हामीले धेरै माध्यमबाट कारबाही अघि बढाएका छौँ। अहिले अपनाइएका उपायहरू प्रभावकारी भएकैले ठूलो संख्यामा कैदी बन्दीहरू फर्किए हुन्। अहिलेको नयाँ सूचनाले त्यसलाई थप प्रभावकारी बनाउने ठानेका छौँ।'

पूर्वसचिव न्यौपानेमा भने 'यस्ता सूचना'ले मात्रै बाँकी कैदीबन्दीलाई फर्काउन नसक्ने टिप्पणी गर्छन्।

'त्यो सामान्य सूचना मात्रै हो। त्यस्तो सूचनाले आउनेहरू त आइहाले नि। त्यसको डर नमान्ने मात्रै बाहिर बाँकी छन्। त्यसले गर्दा सरकारले जुनसुकै उपायले पक्रिनु पर्ने अवस्था छ, बाँकी रहेकाहरू स्वेच्छाले आउँछन् भन्ने मलाई लाग्दैन।' बीबीसी

# युद्ध अन्त्यका लागि ट्रम्प–जेलेन्स्की भेट

रुस–युक्रेनबीच झण्डै चार वर्षदेखि जारी युद्ध अन्त्य गर्ने प्रयासका क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई आइतबार भेटवार्ताका लागि स्वागत गर्ने भएका छन्। दुवै नेताले फ्लोरिडाको पाम बीचस्थित राष्ट्रपति ट्रम्पको निजी क्लब मार–ए–लागोमा भेट्नेछन्, जहाँ राष्ट्रपति ट्रम्प हाल छुट्टी मनाइरहेका छन्।

राष्ट्रपति जेलेन्स्कीले यस भेटमा सुरक्षा तथा आर्थिक सम्झौताका विषयमा छलफल हुने र 'क्षेत्रीय मुद्दा' उठाइने जानकारी दिएका छन्। पूर्वी युक्रेनको डोनबास क्षेत्रको भविष्यलाई लिएर मस्को र किएभबीच गहिरो मतभेद रहँदै आएको छ। भेटघाटअघिका दिनमा रुसले किएभमाथि मिसाइल र ड्रोन आक्रमण तीव्र पारेको छ, जसलाई राष्ट्रपति जेलेन्स्कीमाथि दबाब सिर्जना गर्ने प्रयासका रूपमा हेरिएको छ।

राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जालमार्फत 'युक्रेन यो युद्ध रोक्नका लागि जे पनि गर्न तयार छ, तर वार्ताको टेबलमा बलियो हुनुपर्छ' भनेका छन्। उनले युक्रेन शान्ति चाहन्छ तर रुसले युद्ध जारी राख्ने सङ्केत गरिरहेको आरोप लगाए। युरोप र अमेरिका युक्रेनको पक्षमा उभिए संयुक्त रूपमा युद्ध रोक्न सकिने उनको भनाइ छ।

यसैबीच, क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीसँग नोभा स्कोटियामा भएको भेटमा राष्ट्रपति जेलेन्स्कीले रुसमाथि दबाब र युक्रेनलाई बलियो समर्थन नै शान्तिको कडी भएको बताए। प्रधानमन्त्री कार्नीले युक्रेनको पुनर्निर्माणका लागि दुई अर्ब ५० करोड क्यानेडियन डलर थप सहयोगको घोषणा गरेका छन्। उनले किएभमाथिको रुसी आक्रमणको निन्दा गर्दै राष्ट्रपति ट्रम्प र जेलेन्स्कीलाई 'न्यायपूर्ण र स्थायी शान्ति' का लागि महत्त्वपूर्ण क्षण सिर्जना गरेको श्रेय दिए।

हालैका हप्ताहरूमा अमेरिकी वार्ताकारहरूले अघि सारेको शान्ति प्रयासमा उल्लेख्य प्रगति भएको दुवै पक्षले जनाएका छन्। राष्ट्रपति जेलेन्स्कीका अनुसार २० बुँदे शान्ति प्रस्तावको मस्यौदा लगभग ९० प्रतिशत तयार भइसकेको छ। यस क्रममा अमेरिकाले नाटोका अन्य सदस्यलाई जस्तै युक्रेनलाई पनि केही सुरक्षा ग्यारेन्टी दिन सहमति जनाएको छ। युक्रेनले यस्ता ग्यारेन्टी पाए भविष्यमा नाटो सदस्यता खोज्ने प्रयास त्याग्न तयार रहेको सङ्केत राष्ट्रपति जेलेन्स्कीले दिएका छन्।

क्रिसमसको दिन राष्ट्रपति जेलेन्स्कीले अमेरिकी विशेष दूत स्टिभ विटकफ र राष्ट्रपति ट्रम्पका ज्वाइँ जारेड कुशनरसँग पनि छलफल गरेका थिए। उनले संवेदनशील विषयमा अझै काम बाँकी रहेको र आगामी हप्ता निर्णायक हुनसक्ने बताएका छन्।

राष्ट्रपति ट्रम्पले आफ्नो कार्यकालको ठूलो समय युक्रेन युद्ध अन्त्यका प्रयासमा खर्च गर्दै आएका छन्। सन् २०२४ को चुनाव अभियानका क्रममा एक दिनमै युद्ध अन्त्य गर्ने दाबी गर्नुभएका उनले पछिल्लो समय यो प्रक्रिया जटिल रहेको स्वीकार गरेका छन्। अक्टोबरमा ह्वाइट हाउसमा राष्ट्रपति जेलेन्स्कीलाई स्वागत गर्दा उनले दुवै पक्षलाई लडाइँ रोक्न आग्रह गर्दै हालको युद्धरेखामा रोक्नुपर्ने सङ्केत दिएका थिए।

आइतबारको भेटअघि राष्ट्रपति जेलेन्स्कीले अझै नसुल्झेका मुख्य विषयमा क्षेत्रीय प्रश्न, जापोरिजिया आणविक ऊर्जा केन्द्र र युद्धपछिको पुनर्निर्माण कोष रहेको बताएका छन्। सुरक्षा ग्यारेन्टी र अनुगमन संयन्त्रसम्बन्धी प्राविधिक विषयहरू पनि छलफलको केन्द्रमा रहनेछन्।

राष्ट्रपति जेलेन्स्कीका अनुसार युक्रेनले आफ्नो धारणा अमेरिकासमक्ष स्पष्ट गरिसकेको छ, जसलाई ट्रम्प प्रशासनले रुससमक्ष पु¥याउनेछ। उनले पछिल्लो साता, यदि रुस पनि पछि हटे र पूर्वी क्षेत्र अन्तर्राष्ट्रिय निगरानीमा असैन्यीकृत क्षेत्र बनाइयो भने युक्रेन सेना फिर्ता लिन तयार हुनसक्ने बताएका थिए।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले अमेरिका–रुसबीच सम्पर्क जारी रहेको र वार्ता अघि बढाउने सहमति भएको पुष्टि गरेका छन्। तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले कब्जामा रहेका चार क्षेत्र र क्रिमियालाई रूसी भूभागका रूपमा मान्यता दिनुपर्ने माग दोहो¥याउँदै आएका छन्। युक्रेनले ती सबै माग अस्वीकार गर्दै आएको छ।

विश्लेषकहरूका अनुसार राष्ट्रपति ट्रम्प रुसी मागप्रति केही हदसम्म ग्रहणशील देखिनुभएको छ। यदि युक्रेनले डोनबास क्षेत्रमा केही सम्झौता ग¥यो र पश्चिमी शक्तिले रुसलाई आर्थिक प्रोत्साहन दिए, पुटिनलाई युद्ध अन्त्यतर्फ राजी गराउन सकिने सम्भावना ट्रम्प पक्षको आकलन रहेको बताइन्छ। एपी

# एकीकृत परिवार योजना शिविर: सेवा छ, पुरुष सेवाग्राही छैनन्

पायक पर्ने स्थानमा सञ्चालन हुने 'एकीकृत परिवार योजना शिविर'मा परिवार योजनाको स्थायी सेवा लिनेमा महिलाका तुलनामा पुरुष न्यून छन्। जिल्ला जनस्वास्थ्य–स्वास्थ्य कार्यालयले सम्बन्धित पालिका तहसँग समन्वय गर्दै सुनौलो परिवार नेपालको प्राविधिक सहयोगमा सञ्चालन गर्दै आएका त्यस्ता शिविरमा स्थायी 'मिनील्याप' सेवा लिने महिलाका तुलनामा 'भ्यासेक्टोमी' सेवा लिन पुरुषले कम रुचि देखाएका हुन्।

मङ्सिर ८ गतेदेखि २६ गतेसम्म कैलालीका विभिन्न १० स्थानमा सञ्चालन गरिएका घुम्ती शिविरमा दुई सय ११ जनाले परिवार योजनाका स्थायी सेवा लिएका थिए। तीमध्ये एक सय ९३ महिलाले 'मिनील्याप' सेवा लिँदा आठ जना पुरुषले 'भ्यासेक्टोमी' सेवा लिएका थिए। जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख रमेश कुँवरका अनुसार यस्ता शिविरमा परिवार योजनाका सम्पूर्ण साधनहरूको सेवा निःशुल्क उपलब्धता हुन्छ। ती सेवाअन्तर्गत परिवार योजनाका स्थायी माध्यम 'मिनील्याप' (महिला बन्ध्याकरण), 'भ्यासेक्टोमी' (पुरुष बन्ध्याकरण), परिवार योजनाका लामो अवधि काम गर्ने आइयुसिडी, इम्प्लान्ट र छोटो अवधि काम गर्ने परिवार योजनाका साधन तीनमहिने सुई (डिपो), खानेचक्की पिल्स र कण्डम पर्दछन्।

कार्यालयका परिवार नियोजन अधिकृत ओलटनारायण चापागाईँका अनुसार स्थायी बन्ध्याकरणपछि पुरुषलाई काम गर्न समस्या एवम् अप्ठ्यारो हुन्छ भन्ने भ्रमलगायत कारणले बन्ध्याकरणमा पुरुषको रुचि कम हुने गरेको छ। गत आर्थिक वर्ष २०८१–८२ मा स्वास्थ्य कार्यालयले सञ्चालन गरेको शिविरमा दुई सय ४२ जनाले सेवा लिएकामध्ये महिला दुई सय २० र पुरुष २२ जना रहेको थिए।

जिल्ला जनस्वास्थ्य कार्यालय रसुवाका वरिष्ठ जनस्वास्थ्य अधिकृत झमप्रसाद आचार्यका अनुसार नौकुण्ड गाउँपालिकाको पारच्याङ र कालिका गाउँपालिकाको जिबजिबेमा हालै सम्पन्न 'एकीकृत परिवार योजना शिविर'मा १९ जनामात्र सेवाग्राही रहेका थिए। तीमध्ये गत आव २०८१–८२ मा सुनौलो परिवार नेपालले सातवटै प्रदेशलाई समेट्नेगरी २८ जिल्लाका अतिदुर्गम दुई सय ८६ स्थानमा परिवार व्यवस्थापनअन्तर्गत एकीकृत परिवार योजना शिविर सञ्चालन गर्न सम्बन्धित स्वास्थ्य–जनस्वास्थ्य कार्यालयलाई प्राविधिक सहयोग गरेको थियो। ती शिविरमा १० हजार १ सय ९९ महिलाले 'मिनील्याप' र चार सय ९७ पुरुषले 'भ्यासेक्टोमी' सेवा लिएका थिए भने इम्प्लान्ट र आइयुसिडी सेवा लिनेको सङ्ख्या क्रमशः दुई सय १८ र २८ जना रहेका सुनौलो परिवार नेपालका उपनिर्देशक अनिल यादवले जानकारी दिए।

नयाँ ढाँचामा 'एकीकृत परिवार योजना शिविर' सञ्चालन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले पछिल्ला वर्षहरूमा परिवार व्यवस्थापन सेवाअन्तर्गत विशेष गरेर एकीकृत परिवार योजना शिविर सञ्चालन गर्न सेवाप्रदायक संस्थासँग समन्वयात्मक र साझेदारी नीति अवलम्बन गरेको छ।

जिल्ला जनस्वास्थ्य–स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत आवश्यक सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमै एकीकृत परिवार योजना शिविर सञ्चालनमा स्वास्थ्य कार्यालयलाई प्राविधिक सहयोग पुर्याउने समझदारीको ढाँचा रहेको परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाका प्रमुख शर्मिला दाहाल पौडेलले जानकारी दिए।

उनले भने, 'परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदर बढाउन परिवार व्यवस्थापनका सेवालाई अझ सुदृढ बनाउन आवश्यक छ। विशेषगरी एकीकृत परिवार योजना शिविर सञ्चालनमा सेवाप्रदायक संस्थासँग थप सहकार्य र साझेदारीलाई समन्वयात्मक बनाउन जरुरी छ। हामीले स्वास्थ्य सङ्घीयताका ढाँचामा समन्वयात्मक काम गर्ने नीति अवलम्बन गरेका छौँ।'

जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (२०२२) का अनुसार परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदर ५३ प्रतिशतमा सीमित छ। आधुनिक परिवार योजना (नियोजन) सेवाको प्रयोगदर ४२.८ भन्दा माथि उक्लिन सकेको छैन। अझै प्रजनन उमेरका २३.७ महिलाले परिवार नियोजनको सेवा उपलब्ध गर्न पाएका छैनन्। अर्कातर्फ नेपालमा जन्मदर घट्नु र असुरक्षित गर्भपतन बढ्नु चिन्ताको विषय मानिएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार नेपालका कुल ३५ प्रतिशत किशोरीको १८ वर्ष उमेर नपुग्दै र १० प्रतिशतको १५ वर्ष उमेरभित्र विवाह हुने गरेको छ। त्यसैगरी, विवाहको कानुनी उमेर २० वर्ष भए पनि ४१ प्रतिशत महिलाको १० देखि १८ वर्षको उमेरमा र ७६ प्रतिशतको २० वर्षको उमेरमा विवाह भएको पाइन्छ। नेपालमा १५–१९ उमेर समूहका १४ प्रतिशत किशोरी आमा वा गर्भवती भइसकेका हुन्छन्।

परिवार योजना आवश्यक पर्ने दम्पती एवम् अन्य महिलालाई लक्षित गरेर स्वास्थ्य मन्त्रालयले हरेक वर्ष निःशुल्क एकीकृत परिवार योजना शिविर सञ्चालन गर्दै आएको छ। परिवार व्यवस्थापन कार्यक्रमसहित शिविरका लागि कम लगानी गरिँदा परिवार योजना कार्यक्रम नै सङ्कटमा परेको छ। मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जिल्ला जनस्वास्थ्य–स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत परिवार योजना आवश्यक पर्ने सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमा एकीकृत परिवार योजना सेवा शिविर आयोजना गर्ने समझदारीका ढाँचामा सेवा प्रदान गर्ने नीति अवलम्बन गरिएको र यसबाट सेवाप्रवाह प्रभावकारी र चुस्त भएको जानकारी दिए।

परिवार योजना एवम् सुरक्षित गर्भपतन सेवा प्रदान गर्दै आएको मेरी स्टोप्स (एमएसआई) नेपालका वरिष्ठ सल्लाहकार केपी उपाध्याय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले परिवार व्यवस्थापन सेवाअन्तर्गत एकीकृत परिवार योजना शिविर सञ्चालनको 'मोडालिटी'ले विशेष गरेर विपन्न समुदायसम्म परिवार योजनाको सेवाको पहुँच पुर्याउने काम गरेको बताउँछन्। उनी भन्छन्, 'हामी जिल्ला जनस्वास्थ्य–स्वास्थ्य कार्यालयले पालिका तहहरूसँग समन्वय र सहकार्यमा शिविर सञ्चालन गर्न प्राविधिक सहयोग गर्दछौँ। यसका लागि ती निकायसँग समझदारी गर्दछौँ। ग्रामीण क्षेत्रका गरिब, बिपन्न, सीमान्तकृत समुदायसम्म परिवार योजनाका सेवाको पहुँच पुर्याउन लागिरहेका छौँ।'

उनका अनुसार समझदारीमा कुन निकायले के सेवा प्रदान गर्ने भन्ने कुरा स्पष्ट उल्लेख गरिएका हुन्छन्। पालिका तहले आवश्यकताका आधारमा शिविर सञ्चालन गर्ने, स्थान छनोट गर्ने, यसका बारेमा सेवाग्राहीलाई घरदैलोमा नै पुगेर शिविरका बारेमा जानकारी दिने र सुनौलो परिवार नेपालका 'मेडिकल टिम'मार्फत सेवा प्रदान गर्ने अवधारणाले सेवा प्रदान भइराखेको वरिष्ठ सल्लाहकार उपाध्यायले जानकारी दिए। संस्थाले अहिले सातवटै प्रदेशलाई समेट्नेगरी नौवटा 'मेडिकल टिम' परिवार योजनाका शिविरमा परिचालन गरेको छ।

स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख नवलकिशोर साह पछिल्ला समय साझेदारी ढाँचामा परिवार योजना शिविर सञ्चालन हुन थालेको र यसको प्रभावकारिता देखिएको जानकारी दिए। उनले यही पुस ४ गतेदेखि जिल्लाका १५ वटै पालिकाका ११ स्थानमा शिविर सञ्चालन गर्ने कार्यतालिका रहेको जानकारी दिए। उनका अनुसार यस्ता शिविरमा आठ सय ७४ जनालाई सेवा लिने लक्ष्य लिइएको छ। स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका निर्देशक डा मदनकुमार उपाध्याय परिवार व्यवस्थापनको सेवामा पहुँच पुर्याउन एकीकृत परिवार योजना शिविरमा सेवाग्राहीले आफूले चाहेका सेवा पायक पर्ने स्थानमा गुणस्तरीय रूपमा पाएका बताउँछन्।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा बुढाथोकी २० वर्षभन्दा कम उमेरमा विवाहलाई अन्त्य, परिवार योजनाका साधनमा पहुँच पुर्याउन, सुरक्षित गर्भपतन सेवालाई विस्तार र यौन तथा प्रजनन स्वास्थ्य चेतनामा अभिवृद्धि गर्न अझै पनि चुनौती रहेको औँल्याउनुहुन्छ। उनी भन्छन्, 'परिवार योजनाका साधनमा पहुँच पुर्याउन, सुरक्षित गर्भपतन सेवालाई विस्तार गर्न संयुक्त सहकार्यलाई अझ सुदृढ बनाउन आवश्यक छ। यसका लागि मन्त्रालय सबै साझेदार निकायसँग थप सहकार्य र हातेमालो गर्न चाहन्छ।' रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# पर्यटन फोटो पत्रकारिता तालिम शुरु

**जनकपुरधाम ।**
मधेश प्रदेशका पर्यटकीय गन्तव्यको प्रवद्र्धन गर्ने उद्देश्यले पर्यटन फोटो पत्रकारिता तालिम शुरु भएको छ ।
नेपाल पर्यटन बोर्ड (एनटीबी) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडिपी) को सहकार्यमा सञ्चालित दिगो पर्यटन परियोजना (एसटिपी) अन्तर्गत राष्ट्रिय फोटो पत्रकार समूह नेपाल (एनएफपिजे) र नेपाल पत्रकार महासंघ धनुषा शाखाको सहकार्यमा आजदेखि दुईदिने तालिम शुरु भएको हो ।



क्यामेराको लेन्समार्फत मधेश प्रदेशका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक गन्तव्यलाई राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा चिनाउने उद्देश्यले तालिम आयोजना गरिएको एसटिपीका प्रबन्धक धर्मराज दवाडीले जानकारी दिए । उनले जनकपुरधाम केवल जानकी मन्दिर र धार्मिक गन्तव्यमा मात्र सीमित नभई मिथिला संस्कृति, कला, सभ्यता, ऐतिहासिक सम्पदा र समुदायका जीवनशैलीसँग जोडिएका असङ्ख्य पर्यटन कथाहरू रहेको उल्लेख गरे ।
'ती कथालाई प्रभावकारी दृश्य माध्यमबाट प्रस्तुत गर्न फोटो पत्रकारहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । दिगो पर्यटन विकासमा मिडियाको भूमिका झनै निर्णायक बन्दै गइरहेकाले पर्यटनका सम्भावनालाई उजागर गर्दै स्थानीय गन्तव्यलाई विश्वबजारसम्म पु¥याउन यो तालिम उपयोगी हुने विश्वास गरेका छौँ,' दवाडीले भने ।
एनएफपिजेका अध्यक्ष प्रदीपराज वन्तले फोटो पत्रकारितालाई पर्यटन प्रवद्र्धनको मेरुदण्डका रूपमा व्याख्या गर्दै सिकाइ निरन्तर प्रक्रिया भएको बताए । उनले जनकपुरधामलगायत मधेशका आठै जिल्लाका सांस्कृतिक, धार्मिक र प्राकृतिक कथाहरू क्यामेरामा उतार्दा ती तस्बिरले मधेशलाई विश्व पर्यटन नक्सामा थप स्थापित गर्ने धारणा राखे । उनका अनुसार यो तालिमले मधेश प्रदेशका ओझेलमा परेका गन्तव्य, संस्कृति र समुदायका कथालाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सहयोग पु¥याउनेछ ।
तालिममा नेपाल पर्यटन बोर्डका सञ्चार परामर्शदाता दिलीप प्रकाश कार्कीले पर्यटन पत्रकारिताको आधार, बोर्डको प्रवद्र्धन रणनीति, गन्तव्य ब्रान्डिङ र दृश्य कथाको प्रभावकारिताबारे प्रशिक्षण दिए । प्रशिक्षक सुनिल चुडामणि बज्राचार्यले फोटो पत्रकारिताको इतिहास, प्राविधिक पक्ष, फोटो फिचर र तस्बिर कथाको संरचनाबारे सहजीकरण गरे ।
तालिमको दोस्रो दिन सहभागीहरूलाई तस्बिर कथाको व्यावहारिक अभ्यास गराउँदै जनकपुरधाम र आसपासका पर्यटकीय तथा सांस्कृतिक स्थलहरूको स्थलगत अभ्यास गराइने आयोजकले जनाएको छ । तालिममा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका ३० जना फोटो तथा पर्यटन पत्रकारको सहभागिता छ ।
प्रशिक्षणले मधेश प्रदेशका नयाँ तथा स्थापित पर्यटकीय गन्तव्यहरूको दृश्य अभिलेखन, गन्तव्य ब्रान्डिङ र स्थानीय पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने तालिम संयोजक तथा एनएफपीजेका कोषाध्यक्ष प्रदीपराज श्रेष्ठले विश्वास व्यक्त गरे ।

# सीमा नाकाबाट १६३ किशोरीको उद्धार

**वीरगंज ।**
वीरगंज नाकाबाट जोखिमपूर्ण अवस्थामा रहेका एक सय ६३ जना महिला तथा किशोरीको उद्धार गरिएको छ ।
माइती नेपालले सन् २०२५ मा सीमा क्षेत्रमा निगरानी गरेर जोखिमपूर्ण अवस्थामा रहेका महिला तथा बालबालिकाको उद्धार गरेको हो । माइती नेपाल वीरगंज पर्साका पर्यवेक्षक गोमाकुमारी पौडेलले सीमावर्ती क्षेत्रबाट जोखिमपूर्ण अवस्थामा रहेका एक सय ३० जनालाई माइती नेपालको संरक्षणगृहमा राखिएको बताइन् । 'बाँकी ३३ जना महिला तथा किशोरीलाई भने नेपाल प्रहरीमार्फत अभिभावकको जिम्मा लगाइएको थियो,' उनले भनिन् । माइती नेपालले सन् २०२४ मा सीमाक्षेत्रबाट एक सय ३५ महिला तथा किशोरीको उद्धार गरेको थियो भने सन् २०२३ मा भने एक सय ९२ जना महिला तथा किशोरीको उद्धार गरेको थियो । 'जोखिमपूर्ण अवस्थामा उद्धार गरिएकामध्ये ४० जना किशोरी १८ वर्ष मुनिका छन्,' पर्यवेक्षक पौडेलले भने, '१९ वर्षमाथिको सङ्ख्या भने एक सय २३ छन् ।' माइती नेपालले सन् २०२५ मा करिब २० हजार दुई सय ३१ सवारीसाधनको जाँच गरेको थियो भने २२ हजार पाँच सय जनालाई मानव बेचबिखनविरुद्धको जनचेतनामूलक कार्यक्रम गरेको थियो ।

# विपन्न सदायको घर बनाउन नगर प्रहरी र सरसफाइकर्मी परिचालन

**लहान ।**
लहान नगरपालिकाले चिसो र शीतलहरूबाट प्रभावित एक घरविहीन विपन्न सदाय परिवारका लागि घर निर्माण गरी सहयोग गरेको छ ।
लहान नगरपालिका वडा नं. १५ का स्थायी बासिन्दा श्याम समुदाय विगत चार महिनादेखि बसोबास गर्ने घर नहुँदा त्रिपालमुनि जीवनयापन गर्दै आएका थिए । अवस्थाबारे स्थानीय युवा आनन्द चौधरी र वडा अध्यक्ष तेज नारायण चौधरीले लहान नगरपालिकाका नगर प्रमुख महेश प्रसाद चौधरीलाई जानकारी गराएपछि नगरपालिकाले तत्कालै नगर प्रहरी र सरसफाइ कर्मचारी परिचालन गरी घर निर्माण कार्य शुरु गरेका थिए ।



घर निर्माणमा स्थानीय युवा आनन्द चौधरीसहित समाजसेवी र स्थानीय बासिन्दाहरूले समेत सहयोग गरिरहेका छन् । नगरपालिकाले जस्तापाता, बाँस, काठलगायत आवश्यक निर्माण सामग्री तत्काल उपलब्ध गराएको जनाएको छ ।
यसैगरी, अत्यन्त कमजोर आर्थिक अवस्थाको सदाय परिवारलाई ओढ्ने फाइबर सिरक, तन्ना, ओछ्यान तथा खाद्यान्न सामग्री चामल, नुन, तेल, दाललगायत राहत सामग्री पनि नगरपालिकाले सहयोग गरेको नगर प्रमुख चौधरीले जानकारी दिए । उनले भने, 'स्थानीय सरकारको अनुभूति गराउने उद्देश्यले हामीले यो सहयोग गरेका हौँ ।'
४ धुर जग्गामा बसोबास गर्दै आएको सदाय परिवारमा २५ वर्षीय श्याम सदाय, उनकी श्रीमती विमला सदाय र तीन छोरी चान्दनी, नन्दनी र नन्दु रहेका छन् । बाबु–आमाको नागरिकता नहुँदा तीनै छोरीको जन्मदर्ता समेत हुन सकेको छैन, जसका कारण राज्यबाट प्राप्त हुने सेवा–सुविधाबाट परिवार वञ्चित हुँदै आएको छ ।
केही महिनाअघि मात्रै नगर प्रमुख महेश प्रसाद चौधरी र वडा अध्यक्ष तेज नारायण चौधरीको विशेष पहलमा विमला सदायका ससुरा पल्ट सदाय र सासु गंगिया सदायको नागरिकता बनेको थियो । अब श्याम सदाय र विमला सदायको पनि नागरिकता बनाइदिने प्रतिबद्धता नगर प्रमुखले व्यक्त गरेका छन् ।
यो परिवार हाल लहान–१५ बानोस्थित खुट्टी खोलामा गिट्टी–बालुवा चालेर जीविकोपार्जन गर्दै आएको छ । स्थानीय सरकारको सक्रियताले सदाय परिवारमा नयाँ आशा पलाएको स्थानीयहरूले बताएका छन् ।

# जन्मदिनमा इन्स्पेक्टर थापाद्वारा शैक्षिक सामग्री वितरण

**मधेशदृष्टि**
**पर्सा ।**
इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रमुख प्रहरी निरीक्षक प्रकाश थापाले आफ्नो जन्मदिनको अवसरमा विपन्न विद्यार्थीहरूलाई शैक्षिक सामाग्री वितरण गरेका छन् । प्रहरी निरीक्षक थापाले आइतबार पटेर्वा सुगौली गाउँपालिकाका दुई विद्यालयका एक सय अति विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरी आफ्नो जन्मदिन मनाएका हुन् ।
अत्यधिक चिसोका कारण विद्यालय बिदा भए पनि प्रहरी निरीक्षक थापा स्वयम् गाउँमै पुगेर शैक्षिक सामग्र हस्तान्तरण गरे । वनदेवी आधारभूत विद्यालय (भतौडा) र नेपाल राष्ट्रिय आधारभूत विद्यालय पथलहवा र गादियानीका बालबालिकालाई सामग्री प्रदान गरिएको हो ।

# २०८ परिवारलाई न्यानो कपडा वितरण

**वीरगंज ।**
पर्सा जिल्लामा अतिविपन्न, दलित तथा शीतलहरबाट प्रभावित परिवारका लागि न्यानो कपडा वितरण कार्यक्रम भएको छ ।
जिल्ला सुरक्षा समिति पर्साको आयोजनामा आइतबार सम्पन्न कार्यक्रममा बहुदरमाई नगरपालिकाको वडा नम्बर ३ र ६ तथा जगरनाथपुर गाउँपालिकाको वडा नम्बर ६ का गरी २ सय ८ परिवारलाई न्यानो कपडा वितरण गरिएको छ ।
इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख प्रहरी निरीक्षक प्रदीप पौडेलका अनुसार शीतलहरबाट प्रभावित परिवारलाई लक्षित गरी राहत वितरण गरिएको हो । शीतलहरबाट प्रभावित गरीब परिवारलाई यसले राहत पुग्ने अपेक्षा गरिएको छ ।

# अफिमसहित तीनजना पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
कोल्हवी नगरपालिकामा प्रहरीले अफिमजस्तो देखिने लागुऔषध सहित तीन जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराबाट प्राप्त प्रेस विज्ञप्तिअनुसार आइतबार दिउँसो इलाका प्रहरी कार्यालय कोल्हवी बारा र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय वीरगंजबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा जाँच गर्दा उनीहरुलाई पक्राउ गरिएको हो ।
कोल्हवी नगरपालिका–१ स्थित तामागढीबाट श्रीपुरतर्फ आउँदै गरेको प्र.२–०३–००५ प ६३१२ नम्बरको मोटरसाइकललाई शङ्कास्पद देखेर रोकेर चेकजाँच गर्दा मोटरसाइकलमा सवार व्यक्तिहरूको साथबाट ४ सय ६० ग्राम अफिमजस्तो देखिने लागूऔषध बरामद भएको विज्ञप्तिमा उल्लेख छ । लागुऔषध राजेश साहको साथबाट लुकाएर राखिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेहरूमा रौतहटको चन्द्रपुर नगरपालिका–१० का ३२ वर्षीय राजेश साह, २९ वर्षीय नागेन्द्र साह र २२ वर्षीय ज्ञानेन्द्र राम रहेका छन् । प्रहरीले उक्त मोटरसाइक लसमेत नियन्त्रणमा लिएको छ ।



**ज्याकेट किनमेलः** जनकपुरधामको जनकचोकमा जाडोका लागि ज्याकेट किनमेल गर्दै सर्वसाधारण ।
तस्बिरः रासस


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., शाखा कार्यलय,बसपार्क, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा मिति २०८२/०८/०५ गतेमा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८२/०९/२१ गते सोमबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

१) पलक रायको नाती, लालचन रायको छोरा, जिल्ला पर्सा जिल्ला पर्सा, सखुवाप्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५७९४१५६७, जारी मिति २०५५/०५/२८, पर्सा) बर्ष ४७ को **जनार्दन प्रसाद यादव ।**

**कर्जाको प्रकार:- आवधिक कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

पलक रायको नाती, लालचन रायको छोरा, जिल्ला पर्सा जिल्ला पर्सा, सखुवाप्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५७९४१५६७, जारी मिति २०५५/०५/२८, पर्सा) बर्ष ४७ को **जनार्दन प्रसाद यादव**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा विरगंज वडा नं १६, राद्येमाई हाल जिल्ला पर्सा विरगंज वडा नं १३, राद्येमाई स्थित किता नं. ६३३ को जम्मा क्षेत्रफल ००२०३.१६ व.मी. को घर जग्गा ।

**व्यक्तिगत जमानीकर्ता :**

१)लालचान रायको बूहारी, जनार्दन प्रसाद यादवको पत्नी जिल्ला पर्सा, सखुवाप्रसौनी गा.पा. वडा नं. ०५, बस्ने (ना.प्र.न. ३४२०५०/४१७,जारी मिति २०६४/०१/११, जि.प्र.का. पर्सा) बर्ष ४५ को **उषा देवी ।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**
उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**
१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ पुस २० गते आइतबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ पुस २१ गते सोमबार दिउँसो ४:०० बजे सम्म ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

# नेकपाद्वारा पर्सामा प्रत्यक्षका उम्मेदवारको नाम सिफारिस

**मधेशदृष्टि**
**वीरगंज ।**
फागुन २१ गते हुने चुनावका लागि नेपाली कम्युनिष्ट पार्टी(नेकपा) ले पर्साको चारवटै निर्वाचन क्षेत्रबाट उम्मेदवारको विकल्पसहित नाम चयन गरेको छ । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनसमाजवादी पार्टी नेपाल लगायत विभिन्न घटक मिलेर बनेको पार्टीले पर्सा जिल्लाको चारवटै निर्वाचन क्षेत्रका लागि प्रत्यक्ष र समानुपातिकतर्फका उम्मेदवारको नाम टुङ्ग्याएको हो ।

प्रतिनिधिसभा पर्सा निर्वाचन क्षेत्र नं. १ बाट प्रत्यक्षतर्फ रामदरश कुशवाहा, सुरेन्द्र गुप्ता, प्रभु यादव र सब्बा अन्सारी समेत चारजनाको नाम सिफारिस गरिएको छ । त्यसैगरी निर्वाचन क्षेत्र नं. २ मा मनोज चौधरी, सत्यनारायण रौनियार र प्रभाकर गुप्ता समेत तीन जना, क्षेत्र नं. ३ मा रामबाबु बैठा, छोटेलाल यादव र विक्रम चौरसियासमेत तीन जनाको नाम प्रत्यक्षतर्फ सिफारिस गरिएको छ भने, निर्वाचन क्षेत्र न ४ बाट बलीराम साह, जयप्रकाश थारु र मेनेजर साहसमेत तीन जनाको नाम सिफारिस गरिएको छ । नेकपाले समानुपातिकतर्फ पर्साबाट ३५ जनाको नाम सिफारिस गरेको छ ।

यस्तै, समानुपातिकतर्फ पर्सा क्षेत्र नम्बर १ बाट बालगोपाल थापा, बाबुराम कौशिक, हिरा भट्टराई, दुर्गा क्षेत्री, अफसाना खातून, डा. राजू बैठा, नन्दकिशोर पंजियार, गजाधर पटेल, कदम रसूल, मन्जुर समानी, मञ्जु आलम, सलाम अन्सारी र राजकुमार यादव, क्षेत्र नम्बर २ बाट चिरञ्जीवी आचार्य, रामाश्रय राम, बलराम उपाध्याय, रामस्वरूप राम, सावित्री पोखरेल, बृजलाल पासवान, मेवालाल साह, विपिन यादव र रामेश्वर धानुकको नाम सिफारिस गरिएको छ ।

यस्तै, समानुपातिकतर्फ नै क्षेत्र नम्बर ३ बाट किशोरी प्रसाद कुशवाहा, शिवजी प्रसाद सोनी, बालेश्वर थारु, सुनिता चौरसिया, लाल बिहारी राम, प्रहलाद गिरी र मिरोज अहमद तथा क्षेत्र नम्बर ४ बाट विजय प्रसाद महतो, शेषचाँद तारा कुमारी, हरेन्द्र हजरा, प्रतिमा गुप्ता, भोला महतो थारु, जियाउल हसन र लोकमान थापाको नाम सिफारिस गरिएको छ ।

केन्द्रीय कमिटीमा गरिएको सिफारिस पत्रमा नेकपा माओवादी केन्द्र पर्साका इन्चार्ज विजय महतो थारु, जिल्ला संयोजक रामदरश कुशवाहा, नेकपा (एकीकृत समाजवादी) पर्साका अध्यक्ष बालगोपाल थापा, सहइन्चार्ज मनोज चौधरी, जसपाका केन्द्रीय सदस्य शिवजी प्रसाद सोनी, जनसमाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य सत्यनारायण रौनियार र नेपाल समाजवादी पार्टीका केन्द्रीय सदस्य फिरोज बादशाहले हस्ताक्षर गरेका छन् ।

# रवि–बालेन सम्झौता मधेशमा प्रभावहीनः सुमन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता मनिष सुमनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र काठमाडौँ महानगरका नगरप्रमुख बालेन्द्र शाहबीचको सम्झौताले मधेशमा खासै प्रभाव नपर्ने बताएका छन् ।
उनले यो सम्झौता संघीयता तथा धर्म निरपेक्षताको विषयमा गौण रहेकाले मधेशका जनतामा यो सम्झौतालाई लिएर न हर्ष न विस्मात रहेको प्रतिक्रिया दिए ।
सुमनले यो सम्झौताबाट मधेशबाट मत पनि सोचे अनुरुप तान्न नसक्ने दाबी गरे । ‘नयाँ शक्तिहरू एक हुनु राजनीतिमा सुखद हो । तर, संसदीय दलको नेता र प्रधानमन्त्री अहिले नै तय गरिएको छ,’ सुमनले भने, ‘भविष्यमा के हुन्छ, चुनावमा के हुन्छ त्यो नहेरी प्रधानमन्त्री घोषणा गर्ने कुरा हास्यास्पद हो, यो घमण्ड देखाउनु सरह पनि हो ।’
नेपालको राजनीतिमा चुनाव पछाडिको नेतृत्व तोकेर गएका अन्य उदाहरण समेत रहेको



उनले बताए । ‘विगतमा प्रचण्डले पनि कार्यकारी राष्ट्रपति भनेर देशभरी भन्नुभएको थियो । कहिल्यै त्यस्तो राष्ट्रपति बन्न पाउनुभएन,’ उनले थपे, ‘अहिले पनि को प्रधानमन्त्री बन्ने भनेर सम्झौता गर्नुभएको छ ।
त्यो सार्वजनिक नगरेको भए एउटा कुरा हुन्थ्यो । सार्वजनिक गर्नु भनेको घमण्ड नै हो । यसकारणले यस (सम्झौता)ले जनताको मत तान्दैन । तथापि, हाम्रो शुभकामना छ ।’
सुमनले मधेश केन्द्रीत दलहरुसँग यहाँका जनता गुनासो जसरी राख्छन् त्यसरी नै माया पनि देखाउँछन् । तर मधेशी जनता संघीयताको विरोधमा देखिने स्वरलाई स्वीकार्दैनन् उनले विश्वास व्यक्त गरे । उनले भने ‘रविजी र बालेनजी जानी वा नजानी संघियताको विपक्षमा उभिएका छन् त्यसैले पनि मधेशमा यो सम्झौताले खासै प्रभाव पार्दैन ।’
सुमनले बालेन अहिलेसम्म स्वच्छ छविको व्यक्ति रहेकाले यो सम्झौताले देशको अन्य हिस्सामा प्रभाव पार्ने यथार्थलाई अस्वीकार गर्न नसकिने बताए ।
आइतबार बिहान रास्वपाका सभापति लामिछाने र मेयर बालेनबिच सातबुँदे सम्झौता भएको हो ।
सम्झौतापत्र अनुसार, रवि लामिछानेले राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्व गर्नेछन् भने बालेन शाहलाई आगामी प्रधानमन्त्रीका रुपमा अघि सारिनेछ । चुनाव चिह्न घण्टी रास्वपाकै रहनेछ ।

# स्वस्तिका सप्लायर्समा आगलागी ४५ लाख भन्दा बढी क्षति

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर –१६ स्थित लिङ्क रोडमा रहेको स्वस्तिका सप्लायर्समा आइतबार बिहान आगलागी हुँदा लाखौँको धनमाल जलेर नष्ट भएको छ । आगलागीका कारण सप्लायर्सको गोदाममा रहेका हार्डवेयर सामग्री जलेर नष्ट हुँदा ४५ लाख भन्दा बढीको क्षति भएको अनुमान गरिएको छ ।
हिजो शनिबार भएकाले दिनभर पसल बन्द रहेको अवस्थामा आज बिहान करिब २ः१५ बजे आगलागी भएको जानकारी पाएको स्वस्तिका सप्लायर्सका सञ्चालक मनोज कुमार रौनियारले बताए । उनका अनुसार छिमेकीले आगो लागेको खबर गरेपछि घटनास्थल पुग्दा पसलभित्र धुवाँ अत्यधिक भएकाले आगो



नियन्त्रण गर्न गाह्रो भएको थियो ।
घटनाको जानकारी पाउनासाथ वीरगंज महानगरपालिकाको दमकल, नेपाल प्रहरी तथा स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो । करिब बिहान ४ बजे आगो पूर्णरूपमा नियन्त्रणमा आएको रौनियारले जानकारी दिए ।
आगलागीले स्वस्तिका सप्लायर्ससँगै रहेका अन्य दुई वटा पसलमा समेत क्षति पुगेको छ । यद्यपि, यस घटनामा कुनै मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ ।
प्रारम्भिक अनुसन्धानमा आगलागीको कारण खुल्न नसकेपनि विद्युत् सर्ट भएर आगलागी भएको हुन सक्ने अनुमान प्रहरीको छ ।
घटनापछि क्षतिको विस्तृत विवरण सङ्कलन गर्ने कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# कर कार्यालय नसार्न माग गर्दै धर्ना

**मधेशदृष्टि**
**रौतहट ।**
सदरमुकाम गौरमा अवस्थित करदाता सेवा कार्यालयलाई बाराको सिमरामा स्थानान्तरण गर्ने नेपाल सरकारको निर्णयविरुद्ध स्थानीयस्तरमा व्यापक विरोध शुरु भएको छ । निर्णय खारेजीको माग गर्दै राजनीतिक दल, उद्योगी–व्यवसायी, नागरिक समाज तथा सरोकारवालाको सहभागितामा कार्यालय अगाडि धर्ना प्रदर्शन जारी रहेको छ । धर्नामा सहभागी प्रदेश सभा सदस्य नागेन्द्र साहले राज्यले व्यापारीलाई सहुलियत दिनुपर्नेमा उल्टै झन्झट थप्ने निर्णय गरेको भन्दै कडा आपत्ति जनाए । उनले निर्णय अविलम्ब खारेज गरी करदाता सेवा कार्यालय यथास्थितिमा गौरमै कायम राख्न सरकारलाई आग्रह गरे ।

# के के सहमति भए रवि लामिछाने र बालेन्द्र शाहबीच ?

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौँ महानगरपालिका मेयर बालेन शाहबीच सहमतिमा हस्ताक्षर भएको छ । शनिबार बेलुकादेखि बसेको दुई पक्षबीचको बैठकपछि आइतबार बिहान ४ बजे सहमतिमा हस्ताक्षर भएको हो ।
सहमतिअनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी प्रतिनिधि सभाको निर्वाचनपछि बालेन शाहलाई प्रधानमन्त्रीका रूपमा अघि सार्नेछ ।
पार्टीको नाम, चुनाव चिह्न र झण्डा भने राष्ट्रिय स्वतन्त्र पार्टीकै हुने भएको छ । पार्टीको सभापति रवि लामिछाने नै हुनेछन् । सहमतिमा केन्द्रीय समितिलगायतका विषयमा उल्लेख छैन । तर बालेन शाहका तर्फबाट केन्द्रीय सदस्य थपेर निर्वाचन आयोगमा अद्यावधिक गर्ने समझदारी दुई पक्षबीच भएको छ ।
बृहत एकतापश्चात पार्टीको संगठनात्मक संरचनालाई फराकिलो बनाउने र त्यसमा युवा अभियानी एवम् अनुभवी विज्ञलाई समायोजन गर्ने सहमतिमा उल्लेख छ । साथै जिम्मेवारी तोक्दा योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मान्ने जनाइएको छ ।

- **बृहत् एकतासम्बन्धी सहमति**

सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्याय सहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक प्रणालीभित्र असल शासन कायम गरी आम नागरिकका आकांक्षा सम्बोधन गर्न सबै सुसंस्कृत एवम् परिवर्तनकामी राजनीतिक शक्तिहरुबीच सहकार्य हुन अपरिहार्य रहेको तथ्यलाई आत्मसात गर्दै, २०८२ साल भदौ २३ र २४ को जेन्जी आन्दोलन लगायत विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरुका शहीद एवम् घाइतेहरुको बलिदानलाई प्रेरणादायी स्मृतिमा राख्दै समान अठोट बोकेका शक्तिहरूको सहकार्य मार्फत राष्ट्रसेवाको साझा लक्ष्य हासिल गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (पहिलो पक्ष) र श्री



बालेन्द्र शाह (दोश्रो पक्ष) बीच देहायका सहमति भएको छ ।
१. नवयुवाहरुले भ्रष्टाचार र कुशासन विरुद्ध गरेको आन्दोलनको अपनत्व लिई घाइते तथा शहीद परिवारका मागहरुको यथोचित सम्बोधन गर्ने प्रतिवद्धता जनाउने,
२. समुन्नति र सामाजिक न्यायका राष्ट्रिय उद्देश्यहरूका लागि गरिनु पर्ने गहिरा नीतिगत, संस्थागत एवम् संरचनात्मक सुधारहरु मार्फत आर्थिक–सामाजिक उन्नयन र सुसंस्कृत राजनीतिक अभ्यासको जगमा अर्को दश वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम आय भएको राष्ट्र बनाउने मार्गचित्रको इमान्दार कार्यान्वयनप्रति समर्पित हुने,
३. पहिलो पक्ष र दोश्रो पक्षबीच बृहत् एकता भए पश्चात् स्थापित हुने राजनीतिक दलको नाम ‘राष्ट्रिय स्वतन्त्र पार्टी’, दलको झण्डा साविककै निलो पृष्ठभूमिको मध्य भागमा सेतो रङ्गको गोलाकार बीचमा निलो रङ्गको घण्टीको आकृति, दलको चुनाव चिन्ह घण्टी र केन्द्रीय कार्यालय काठमाडौँ उपत्यकामा रहने,
४. राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधि सभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र शाह हुने,
५. बृहत् एकता पश्चात् पार्टीको संगठनात्मक संरचनालाई थप सक्षम र फराकिलो बनाउन युवा अभियन्ता एवम् अनुभवी विज्ञहरुलाई समुचित समायोजन गर्दै जिम्मेवारी तोक्दा योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मान्ने,
६. यस सम्झौता बमोजिम राष्ट्रिय स्वतन्त्र पार्टी सम्बन्धी दस्तावेज निर्वाचन आयोगमा अद्यावधिक गर्ने,
७. राष्ट्रिय स्वतन्त्र पार्टीको सिद्धान्त, नेतृत्व र चुनाव चिन्ह ‘घण्टी’ मा गोलबद्ध भइ लोकतान्त्रिक सुशासन, समुन्नति र सामाजिक न्यायका मुद्धा अघि बढाउन अन्य सुसंस्कृत एवम् परिवर्तनकामी वैकल्पिक राजनीतिक शक्ति, समूह र व्यक्तिहरुलाई आव्हान गर्ने ।

# सर्वोच्च अदालतद्वारा हदम्याद तारेख र म्याद थप अनुमति

**काठमाडौँ ।**
सर्वोच्च अदालतले चालु मुद्दाको हदम्याद, तारेख र म्याद थप गर्न अनुमति दिने निर्णय गरेको छ । अदालतको निर्णयसँगै अब यही पुस मसान्तसम्म चालु मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने छ ।
प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरु कुमार रेग्मी, हरिप्रसाद फुयाल, डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी, तिलप्रसाद श्रेष्ठ, विनोद शर्मा, शारङ्गा सुवेदी, अब्दुल अजीज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुङ्गाना, सुनिलकुमार पोखरेल, बालकृष्ण ढकाल, नृपध्वज निरौला, नित्यानन्द पाण्डेय, मेघराज पोखरेल, श्रीकान्त पौडेल र शान्तिसिंह थापासहित १९ जनाको बृहत् पूर्ण इजलासले आइतबार अनुमति दिएको हो ।
सर्वोच्च अदालतका कर्मचारी बालाजीप्रसाद पाण्डेयलगायतले पेस गरेको प्रतिवेदनमाथि आज प्रधानन्यायाधीशसहित सम्पूर्ण न्यायाधीशको इजलास नै गठन गरेर यसअघि एक महिना (मङ्सिर मसान्तसम्म) समय दिएको समय बढाएर ६० दिन अर्थात् पुस मसान्तसम्म गरिएको हो ।
सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार मङ्सिर मसान्तसम्म मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने निर्णय भएकामा अब पुस मसान्तसम्म म्याद थाम्न सकिने भएको छ । यसअघि, मङ्सिर १ देखि ३० गतेसम्म एक महिना हदम्याद, म्याद र तारेख थाम्न सकिने व्यवस्था गरिएको थियो । आदेशको लिखित सोमबार आउनेछ ।
गत भदौ २४ गते अदालतमा आगजनी भएर नष्ट भएका मुद्दाको कागजात सङ्कलन गर्ने समय थप गरी ६० दिन हुनेछ । आगजनी र तोडफोडमा सर्वोच्च अदालतका सबैजसो कागजात जलेर नष्ट भएका थिए । अदालतले मुद्दाका पक्ष एवम् सरोकारवालालाई सम्बन्धित मुद्दाको कागजात जुटाउन सहयोगका लागि आह्वान गरेको थियो ।



**जानकी मन्दिरः** जनकपुरधामको जानकी मन्दिरको दर्शन गर्न आएका आन्तरिक तथा बाह्य पर्यटक । यहाँ भारतबाट वर्षेनी विवाह पञ्चमीको अवसर पारेर जन्तीका रुपमा तीर्थयात्री आउने गर्छन् । तस्बिरः रासस

# कांग्रेसद्वारा बैठकको निर्णय कार्यान्वयन गर्न निर्देशन

**काठमाडौँ ।**
नेपाली कांग्रेसले केन्द्रीय कार्यसम्पादन समितिको यही पुस १२ गते बसेको बैठकले गरेका निर्णय कार्यान्वयनका लागि निर्देशन दिएको छ । कांग्रेसले आइतबार विज्ञप्तिमार्फत पार्टीका सबै प्रदेश, जिल्ला, प्रतिनिधिसभा र प्रदेश क्षेत्रीय कार्यसमिति, पालिका कार्यसमिति र वडा कार्यसमितिलाई सम्बोधन गरी निर्णय कार्यान्वयन गर्न निर्देशन जारी गरेको हो । कार्यसम्पादन समिति बैठकले विगतको निर्वाचनमा पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध उम्मेदवार भएका, तिनका प्रस्तावक र समर्थक वा असहयोग गरी अनुशासनविपरीतका काम गरेकालाई केन्द्रीय अनुशासन समितिले गरेको निष्काशन, निलम्वन र पार्टीको विधानअनुसार स्वतः कारबाहीमा परेकाहरुको बाँकी अवधि माफी मिनाहा गर्ने निर्णय गरेको थियो छ ।
त्यस्तै, कारबाही माफी मिनाहा भएका व्यक्तिहरुको पार्टीको बहाल रहेको पद नरहने गरी क्रियाशील सदस्यतालाई निरन्तरता कायम गरी क्रियाशील सदस्यता नवीकरण गर्ने निर्णय गरेको थियो । बैठकले विगतमा विभिन्न कारणले पार्टी परित्याग गरेर स्वतन्त्र बनेका वा अन्य पार्टीमा गएर उम्मेदवार, प्रस्तावक वा प्रचारक बनेका साथीहरुलाई पार्टीमा फर्कनका लागि केन्द्रीय कार्यसम्पादन समितिको यो बैठक हार्दिक आह्वान गरेको थियो । त्यसरी फर्किने साथीहरुलाई क्रियाशील सदस्यतासहित आवश्यक जिम्मेवारी प्रदान गर्ने बैठकको निर्णय छ ।
कांग्रेसले विभिन्न पेसा, व्यवसाय र विविध क्षेत्रमा रही राष्ट्र र जनताका सेवामा समर्पित लोकतान्त्रिक विचार र आस्था भएका व्यक्तिलाई पार्टीमा सक्रिय भूमिका निर्वाह गर्न कार्यसम्पादन समितिको यो बैठक हार्दिक आह्वान गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

# निर्वाचन आचारसंहिता स्वीकृत

**काठमाडौँ ।**
निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जारी हुने निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत गरी सरोकारवालालाई त्यसमा भएका व्यवस्थाहरुबारे सार्वजनिक जानकारी गराएको छ । आयोगको वेबसाइटमा आइतबार प्रकाशित आचारसंहिता आगामी माघको पहिलो सातादेखि लागू गर्ने आयोगको तयारी छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, मर्यादित र विश्वसनीय बनाउन आयोगले आचारसंहितामा विगतमा झैँ कतिपय बुँदालाई परिमार्जन गरी नयाँ आचारसंहिता तयार गरेको हो । आयोगले आचारसंहिताको मस्यौदामा प्राप्त सुझावलाई समेटेर स्वीकत गेरको हो ।
आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई लागू हुनेछ । यस्तै निर्वाचन अचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाईलगातलाई लागु हुनेछ ।
यस्तै सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पनि आयोगद्वारा जारी आचारसंहिता लागु हुनेछ । निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र भयमुक्त वातावरण कायम गर्न हरेक निर्वाचनअघि यस्तो आचारसंहिता जारी गरिन्छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन